# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, मंसीर ११ गते २०५० साल (अतिरिक्ताङ्क ५०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम राजपरिषद् स्थायी समितिका रिक्त दुई सदस्य पदमा राजपरिषद्का देहायका सदस्यहरूलाई नियुक्त गरिबक्सेको छ ।

१. श्री बब्बरप्रसाद सिंह, सप्तरी

२. श्री जीतबहादुर अर्जेल, मोरङ्ग

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८८

# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महेश्वरप्रसाद सिंह संयुक्त अधिराज्य, बेल्जियम र जर्मनीको संसदीय प्रणालीको अवलोकन भ्रमणको सिलसिलामा २०५० साल मंसीर १२ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि र स्थानीय विकास मन्त्री श्री रामचन्द्र पौडेलले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।